सूर्यविनायक नगरपालिका, नगरसभाको १९औं अधिवेशनको पहिलो बैठक (मिति २०८२ पुस ९ गते)

प्रस्तावहरु:

१. राजश्व परामर्श समितिको अर्धवार्षिक प्रतिवेदन तथा चालु आ.व.को अर्धवार्षिक आय व्यय विवरण सम्बन्धमा।

२. आर्थिक बर्ष ०८२/०८३ को सालबसाली आर्थिक ऐन, २०८२ प्रथम संसोधन विधेयक, २०८२ सम्बन्धमा।

३. न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।

४. नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।

५. विधायन समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।

६. सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा।

७. सूर्यविनायक नगरपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि विधेयक, २०८२ सम्बन्धमा।

८. सार्वजनिक लेखा समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।

९. सामाजिक विकास समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।

१०. आर्थिक विकास समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।

११. पूर्वाधार विकास समितिको अर्धवार्षिक प्रतिवेदन सम्वन्धमा ।

१२. सूर्यविनायक नगरपालिकाको "भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) विधेयक २०८२" सम्बन्धमा।

१३. वन वातावरण तथा विपद व्यवस्थापन समितिको अर्धवार्षिक प्रतिवेदन सम्वन्धमा ।

१४. सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा।

१५. नगरपालिका अन्तर्गतको सार्वजनिक सम्पत्तिको विवरण सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं. १ राजश्व परामर्श समितिको प्रतिवेदन तथा चालु आ.व.को अर्धवार्षिक आय व्यय विवरण सम्बन्धमा।**

यस नगरपालिकाको राजश्व परामर्श समिति संयोजक एवं नगर उप प्रमुखज्यूबाट पेश भएको समितिको चालु आ.व. हालसम्मको अर्धवार्षिक प्रतिवेदन र चालु आ.व.को हालसम्मको नगरपालिकाको अर्ध वार्षिक आय व्यय विवरण उपर छलफलका लागि बैठकमा पेश भई उक्त प्रतिवेदन माथि छलफल प्रारम्भ भयो।

**निर्णय नं. २ आर्थिक (प्रथम संशोधन) विधेयक, २०८२ सम्बन्धमा।**

नगरसभाको उन्नाइसौं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगर उपप्रमुख एवं राजश्व परामर्श समिति संयोजक श्री सरिता तिमसिना भट्टराईबाट पेश भएको यस सूर्यविनायक

नगरपालिकको आर्थिक ऐन, २०८२ को प्रथम संशोधन गर्न बनेको आर्थिक (प्रथम संशोधन) विधेयक, २०८२ उपर छलफलका लागि सभामा पेश भई छलफल प्रारम्भ भयो ।

**निर्णय नं. ३ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको न्यायिक समितिको प्रतिवेदन नगर उपप्रमुख एवं न्यायिक समिति संयोजक श्री सरिता तिमसिना भट्टराईबाट सभा समक्ष छलफलका लागि प्रस्तुत भई उक्त प्रतवेदन उपर छलफल प्रारम्भ भयो।

**निर्णय नं. ४ नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन नगर उपप्रमुख एवं नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समिति संयोजक श्री सरिता तिमसिना भट्टराईबाट सभा समक्ष छलफलका लागि प्रस्तुत भई उक्त प्रतवेदन उपर छलफल प्रारम्भ भयो।

**निर्णय नं. ५ विधायन समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको विधायन समितिको प्रतिवेदन विधायन समितिका संयोजक श्री प्रदिप कार्कीद्धारा प्रस्तुत भएको समितिको प्रतिवेदन उपर बैठकमा छलफल प्रारम्भ भयो।

**निर्णय नं. ६ सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८२ सम्वन्धमा।**

नगरसभाको उन्नाइसौं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम विधायन समितिका संयोजक श्री प्रदिप कार्कीबाट यस नगरपालिकाका मौजुदा विभिन्न ऐनहरुको समसामयिक संशोधनको लागि पेश भएको सूर्यविनायक नगरपालिकको केही ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ उपर छलफलका लागि सभामा पेश भयो ।

**निर्णय नं. ७ सूर्यविनायक नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि विधेयक, २०८२ सम्बन्धमा।**

नगरसभाको उन्नाइसौं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम विधायन समितिका सयोजक श्री प्रदिप कार्कीबाट यस नगरपालिकाको न्यायीक समिति अन्तर्गतको मेलमिलाप केन्द्रको आवश्यक व्यवस्थापन तथा सञ्चालनको लागि तर्जुमा भई पेश भएको सूर्यविनायक नगरपालिकको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि विधेयक, २०८२ उपर छलफलका लागि सभामा पेश भयो ।

**निर्णय नं. ८ सार्वजनिक लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।**

सार्वजनिक लेखा समितिका संयोजक श्री राजकुमार जोशीद्धारा सार्वजनिक लेखा समितिको चालु आ.व. को हालसम्मको प्रतिवेदन सभाको बैठकमा छलफलका लागि उक्त प्रस्तुत भई प्रतिवेदन उपर छलफल प्रारम्भ भयो ।

**निर्णय नं. ९ सामाजिक विकास समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको सामाजिक विकास समितिको प्रतिवेदन समितिका संयोजक श्री रविन्द्र सापकोटाबाट सभा समक्ष छलफलका लागि प्रस्तुत भई उक्त प्रतिवेदन उपर छलफल प्रारम्भ भयो।

**निर्णय नं. १० आर्थिक विकास समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको आर्थिक विकास समितिको प्रतिवेदन समितिका संयोजक श्री पुष्पराज बस्नेतद्धारा सभा समक्ष प्रस्तुत भई उक्त प्रतिवेदन उपर छलफल प्रारम्भ भयो ।

**निर्णय नं. ११ पूर्वाधार विकास समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको पेश भएको पूर्वाधार विकास समितिको प्रतिवेदन समितिका संयोजक श्री शिवराम राउतद्धारा सभा समक्ष प्रस्तुत भई उक्त प्रतिवेदन उपर छलफल प्रारम्भ भयो ।

**निर्णय नं. १२ सूर्यविनायक नगरपालिकाको भवन निर्माण (नक्सा पास नियमित तथा अभिलेखीकरण) विधेयक, २०८२ सम्बन्धमा।**

नगरसभाको उन्नाइसौं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम पूर्वाधार विकास समितिका संयोजक श्री शिवराम राउतबाट यस सूर्यविनायक नगरपालिकाको भवन निर्माण (नक्सा पास नियमित तथा अभिलेखीकरण) विधेयक, २०८२ उपर छलफलका लागि सभामा पेश भयो।

**निर्णय नं. १३ वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको पेश भएको वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन समितिका संयोजक श्री भगवान खत्रीद्धारा सभा समक्ष प्रस्तुत भई उक्त प्रतिवेदन उपर छलफल प्रारम्भ भयो ।

**निर्णय नं. १४ सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आ.व. को हाल सम्मको पेश भएको सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन समितिका संयोजक श्री सानुकाजी कायस्थद्धारा सभा समक्ष प्रस्तुत भई उक्त प्रतिवेदन उपर छलफल प्रारम्भ भयो ।

**निर्णय नं. १५ नगरपालिका अन्तर्गतको सार्वजनिक सम्पत्तिको विवरण सम्बन्धमा ।**

नगरपालिका नगर कार्यपालिकाको कार्यालयद्धारा तयार भएको नगरपालिकाको सार्वजनिक सम्पत्तिको चालु आ.व.को हालसम्मको विवरण सहितको प्रतिवेदन सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थद्धारा सभा समक्ष प्रस्तुत भई उक्त प्रतिवेदन उपर छलफल प्रारम्भ भयो ।

सूर्यविनायक नगरपालिका, नगरसभाको १९औं अधिवेशनको दोस्रो बैठक (मिति २०८२ पुस ०९ गते)

प्रस्तावहरु:

१. विषयगत समितिबाट पेश भएका प्रतिवेदनहरु सम्बन्धमा।

२. आर्थिक बर्ष ०८२/०८३ को सालबसाली आर्थिक ऐन, २०८२ प्रथम संसोधन विधेयक, २०८२ सम्बन्धमा।

३. सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा।

४. सूर्यविनायक नगरपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि विधेयक, २०८२ सम्बन्धमा।

५. सूर्यविनायक नगरपालिकाको "भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२" सम्बन्धमा।

६. नगर अस्पताल सम्बन्धमा ।

७. आन्तरिक आय ठेक्का सम्बन्धमा ।

८. सेवा निवृत्त कर्मचारीको सेवासुविधा सम्बन्धमा ।

९. नगर कार्यापालिका बैटकका निर्णयहरु अनुमोदन सम्वन्धमा ।

१०. विविध सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं. १ : विषयगत समितिबाट पेश भएका प्रतिवेदनहरु सम्बन्धमा।

नगरसभाको उन्नाइसौं अधिवेशनको बैठकको पहिलो सत्रमा पेश भई छलफल प्रारम्भ भएका सूर्यविनायक नगरपालिकका तपसिल बमोजिमका विभिन्न प्रतिवेदनहरु बैठकको दोस्रो सत्रको लागि स्वीकृत कार्यसूची बमोजिम छलफल भई निर्णयार्थ प्रस्तुत हुँदा प्रस्तुत प्रतिवेनहरु सर्वसम्मतिले स्वीकृत गर्ने। साथै प्रतिवेदनहरुमा औंल्याइएका सुझावहरुलाई ग्रहण गर्दै प्रभावकारी कार्यान्वयनका लागि सचिवालयलाई निर्देशन दिने।

तपसिल: सभाबाट सर्वसम्मतिले स्वीकृत भएका प्रतिवेदनहरुको विवरण

| क्र.सं. | प्रतिवेदन | पेशकर्ता | स्वीकृत व्यहोरा |
|---|---|---|---|
| १ | राजश्व परामर्श समिति समितिको चालु आ.व. हालसम्मको अर्धवार्षिक प्रतिवेदन | राजश्व परामर्श समिति संयोजक, न्यायिक समितिका संयोजक, नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजक | सर्वसम्मतिले स्वीकृत गर्दै प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई ग्रहण गर्ने। |
| २ | न्यायिक समितिको चालु आ.व. | | |

| | | | |
|---|---|---|---|
| | हालसम्मको अर्धवार्षिक प्रतिवेदन | एवं नगर उप प्रमुख श्री सरिता तिम्सेना भट्टराई | |
| ३ | नगरपालिकाको चालु आ.व. को हाल सम्मको नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन | | |
| ४ | नगरपालिकाको चालु आ.व. को हाल सम्मको विधायन समितिको प्रतिवेदन | विधायन समितिका संयोजक श्री प्रदिप कार्की | सर्वसम्मतिले स्वीकृत गर्दै प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई ग्रहण गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सचिवालयलाई निर्देशन दिने |
| ५ | सार्वजनिक लेखा समितिको चालु आ.व. को हालसम्मको प्रतिवेदन | सार्वजनिक लेखा समितिका संयोजक श्री राजकुमार जोशी | सार्वजनिक लेखा समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख गरिएका बेरुजू न्यूनीकरण, खर्चको मितव्ययिता, र आर्थिक अनुशासन सम्बन्धी सुझावहरूलाई ग्रहण गर्दै, प्रतिवेदनले औंल्याएका कैफियतहरू र सुझावहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशित गर्ने।<br>यस अन्तर्गत:<br>• आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउने।<br>• बेरुजू फछ्र्यौटको कार्ययोजना बनाई तोकिएको समयभित्र फछ्र्यौट गर्ने।<br>• समितिका सुझावका आधारमा आर्थिक कार्यविधिमा आवश्यक परिमार्जन गर्ने।<br>समितिको प्रतिवेदन कार्यान्वयनको अवस्था र प्रगति विवरण आगामी नगर सभाको बैठकमा अनिवार्य रूपमा पेश गर्न सचिवालयलाई निर्देशन गर्ने। |

| | | | |
|---|---|---|---|
| ६ | नगरपालिकाको चालु आ.व. को हाल सम्मको सामाजिक विकास समितिको प्रतिवेदन | सामाजिक विकास समितिका संयोजक श्री रविन्द्र सापकोटा | सर्वसम्मतिले स्वीकृत गर्दै प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई ग्रहण गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सचिवालयलाई निर्देशन दिने |
| ७ | चालु आ.व. को हाल सम्मको आर्थिक विकास समितिको प्रतिवेदन | आर्थिक विकास समितिका संयोजक श्री पुष्पराज बस्नेत | |
| ८ | पूर्वाधार विकास समितिको प्रतिवेदन समितिका संयोजक श्री शिवराम राउत | पूर्वाधार विकास समितिका संयोजक श्री शिवराम राउत | सर्वसम्मतिले स्वीकृत गर्दै प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई ग्रहण गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सचिवालयलाई निर्देशन दिने |
| ९ | वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन | वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री भगवान खत्री | |
| १० | सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन | सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थ | |
| ११ | नगरपालिकाको सार्वजनिक सम्पत्तिको चालु आ.व.को हालसम्मको विवरण सहितको प्रतिवेदन | | |

**निर्णय नं. २ आर्थिक (प्रथम संशोधन) विधेयक, २०८२ सम्बन्धमा।** नगर उपप्रमुख एवं नगरसभाको उन्नाइसौं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगर उपप्रमुख एवं राजश्व परामर्श समिति संयोजक श्री सरिता तिमसिना भट्टराईबाट पेश भएको यस सूर्यविनायक नगरपालिकको आर्थिक ऐन, २०८२ को प्रथम संशोधन गर्न बनेको आर्थिक (प्रथम संशोधन) विधेयक, २०८२ उपर छलफल भई निर्णयार्थ प्रस्तुत हुँदा प्रस्तुत सूर्यविनायक नगरपालिकको आर्थिक (प्रथम संशोधन) विधेयक २०८२ सर्वसम्मत स्वीकृत गर्ने। साथै स्वीकृत संलग्न आर्थिक

निर्णय नं. ६ नगर अस्पताल सम्बन्धमा ।

सूर्यविनायक नगर अस्पतालको व्यवस्थापन तथा सेवा प्रभावकारीताका लागि देहाय बमोजिम गर्ने।

(क) सूर्यविनायक नगर अस्पतालको गत आ.व. २०८१।८२ सम्म आन्तरिक आम्दानी बापत संकलित सम्पूर्ण रकम नगरपालिकाको संचित खातामा स्थानान्तरण गरी मुल खातामा आम्दानी बाध्ने।

निर्णय नं. ७ आन्तरिक आय ठेक्का सम्बन्धमा ।

नगर कार्यपालिकाको कार्यालयबाट प्रचलित कानुन बमोजिम विभिन्न शिर्षकमा सम्झौता भई कार्यान्वयनमा रहेका आन्तरिक आय ठेक्का सम्बन्धमा देखिएका समस्या समाधानको लागि नगर कार्यपालिकालाई निर्णयको अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ८ सेवा निवृत्त कर्मचारीको सेवासुविधा सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत कार्यरत स्थायी कर्मचारीहरुको सेवा निवृत्त सेवा सुविधा अन्य निकायबाट भूक्तानी हुने अवस्था नरहेको खण्डमा प्रचलित कानुनको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णयानुसार नगर पालिकाको आन्तरिक स्रोत अन्तर्गतको कर्मचारी कल्याण कोषबाट भूक्तानी गर्ने ।

निर्णय नं. ८ नगर कार्यापालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

यस नगरपालिकाको चालु आ.व.को हाल सम्म बसेका सभाको प्रत्यायोजित अधिकार अन्तर्गत विभिन्न कार्यपालिका बैठकहरु, समितिका बैठकहरु तथा कार्यालय र कर्मचारी बैठकहरुले गरेका निर्णयहरुलाई अनुमोदन गर्ने।